




# जिब्रो छेड्ने ख्याक

Shyamkrishna Khulimuli

Prakash Ranjit

Let's Read

The Asia Foundation




"आज पनि तरकारी नास गर्यो," खेत गएका तरिभाइले दुःख पोखे ।

"कसले यस्तो गरेको होला ?" छोरी लसताले सोधिन् ।

"नजिकै नीलबाराही जङ्गल छ । त्यहीँको जनावर त होला नि," बुबाले जवाफ दिए ।

खेतमा कसैको तरकारी बाँकी थिएन । बार पनि ढालिएको थियो । पाकेको अन्न पनि भित्र्याउन नपाएपछि शंखकोटबासीहरू चिन्तित भए ।




"जनावरले साह्रै दुःख दिए । अब यहाँ बसेर के गर्ने ? बरु खेतको बीचमा बस्ती बसाउनुपर्छ," गाउँलेलाई सम्झाउँदै तरिभाइले भने ।

सबैजना उनको कुरामा सहमत भए ।




खेतको बिचमा बस्ती बस्यो । खेतको बीचमा बस्ती बसेको हुँदा यसको नाम 'बुँदे' रह्यो । (नेपाल भाषामा 'बुँ'को अर्थ खेत र 'दे'को अर्थ बस्ती भन्ने हुन्छ ।) पछि गएर नाम 'बोडे'का रुपमा प्रचलित भयो ।

"बुबा, हामी खेतको बिचमा बसेका छौँ । अब त जनावरले दुःख दिँदैन होला है ?" लसताले बुबालाई भनिन् । तर त्यस्तो भएन । पाक्न लागेको बाली सबै तहसनहस भएका थिए । बोडेबासीले बाली भित्र्याउनै पाएनन् ।




बोडेबासीहरू चिन्तित भए । उनीहरूले सल्लाह गरे । जनावर धपाउन बुँख्याचा राखे । तर जनावरले दुःख दिन छाडेनन् । हुँदा हुँदा त घरघरबाट कुखुरा, भेडा तथा बाख्रा पनि हराउन थाले ।



"बुबा, हाम्रो त पाडो नै छैन त," लसताले आत्तिँदै भनिन् ।
तरिभाइ गोठमा गए । यताउता खोज्नुभयो तर पाडो भेटिएन ।
"हामीलाई त यहाँ पनि दुःख दिन थाल्यो । कसले दुःख दियो
होला ? भूतप्रेत पो हो कि ?" चिन्तित हुँदै लसताले सोधिन् ।



”छरछिमेकमा सल्लाह गरेर आउँछु,” बुबाले बाहिर निस्कँदै भने ।
लसता पनि बुबाको पछि पछि लागिन् ।
भूतप्रेतकै काम हो भन्नेमा सबैको एकमत भयो । तान्त्रिक
भिमदत्तसँग सहयोग माग्ने निर्णय भयो ।




भिमदत्त देउपाटनका प्रख्यात तान्त्रिक थिए ।

"भिमदत्त गुरु, हामीले धेरै दुःख पार्यौं । केही उपाय लाउनुपर्यो,"
तरिभाइले बिन्ति बिसाए ।

"के भयो ?" भिमदत्तले सोधे ।


तरिभाइले सबै कुरा भने ।



"गुरुबाजे, हाम्रो त पाडो पनि लग्यो । मेरो प्यारो पाडो कसले लग्यो पत्ता लगाइदिनुस् न," लसताले अनुरोध गरिन् ।


"ल ल । म हेर्छु है," तान्त्रिक भिमदत्त गम्भीर भए । उनले ध्यानदृष्टि लाएर हेरे ।

"अब एक महिनासम्म खेतमा काम गर्न नजानू," तान्त्रिक भिमदत्तले आदेश दिए ।



तान्त्रिक भिमदत्त पनि बोडे आए । उनी सरासर खेतमा गए । तन्त्रमन्त्र गरेर चारैतिर तारण (तन्त्रमन्त्र गरेर बिछ्याइएको पासो) बिछ्याए ।

एकदिन भयो, दुई दिन भयो, तीन दिन भयो । बोडेबासीको दु:ख कम भएन । घरपालुवा जनावर हराउन छोडेन । तर पनि तारणमा कोही पनि परेन ।



"बुबा, खोइ तारणमा त कोही पनि परेन ! तान्त्रिक बाजेले तारण हाल्नुभएको होइन र ?" उत्सुक हुँदै साग केलाइराखेकी लसताले भनिन् ।

"खोइ, उहाँ जान्ने तान्त्रिक हुनुहुन्छ । पक्कै पनि तारणमा पर्छ होला," सागको मुठा पार्दै बुबाले भने ।



एकदिन बिहान लसता ढुङ्गेधारामा पानी थाप्न जाँदै थिइन् । उनले मनहराको फाँटमा अनौठो दृश्य देखिन् । एउटा अनौठो जीव कहिले यता कहिले उता गर्दै थियो ।


”तारणमा केही अल्झिएजस्तो छ !” उनले भनिन् । अनि हतारहतार पानी थापेर घर गइन् ।



"बुबा, तारणमा केही परेजस्तै छ । तान्त्रिक बाजेलाई खबर गरौँ न," आँगनबाटै उनी चिच्याइन् ।

"ए, हो र ? ल ल म तान्त्रिक गुरुलाई खबर गर्न जान्छु," बुबाले हतारमा भने ।

माटोको घैँटो भित्र राखेर लसता पनि पछि लागिन् । तान्त्रिक गुरुलाई खबर गरेपछि उनीहरू केही गाउँलेसँगै मनहराको फाँटमा गए ।




"तपाईंहरूलाई दुःख दिने ख्याक जालमा परेछ," तान्त्रिक भीमदत्तले हाँस्दै भने ।

उनले ख्याकलाई समाते । बोडेबासीले पनि सहयोग गरे । उसलाई चारैतिरबाट घेरा हाले ।

तान्त्रिकले उसको बारेमा केरकार गरे, "भन तिमी को हौ ?"


ख्याक पटक्कै डराएन । उसले जवाफ दियो, "मलाई तिमीहरूले चिनेकै छैनौ । म नीलबाराहीको दाहिने ख्याक हुँ ।"




उसले आफ्नो सक्कली स्वरुप देखायो ।

”आम्मै कति लामो जिङरिङ्ग परेको कपाल ! जिब्रो पनि रातो, मोटो र लामो छ,” लसताले भनिन् ।


”आँखा त झन् कति ठुला नि ! जिउ पनि मोटो, हेर्दै डरलाग्दो !” लसताको साथी न्हुछेमानले भन्यो ।



ख्याकलाई के गर्ने भन्ने बारेमा सबैले छलफल गर्न थाले ।
"नीलबाराहीको दाहिने ख्याक समात्दा अनिष्ट हुनसक्छ,"
तरिभाइले डराउँदै भने ।
"जोसुकै भए पनि सजाय दिनुपर्छ," युवाहरूले जोसिँदै भने ।




"हो हो सजाय दिनुपर्छ," केटोकेटी पनि कराए ।
लसताले आफ्नो जिब्रो बाहिर निकालेर जिस्काइन् । न्हुछेमानले पनि ख्याकलाई मुख बिगारी बिगारी जिस्कायो ।
"यसलाई यतिक्कै छाड्नुहुन्न," तान्त्रिक भिमदत्तले भने ।
त्यसपछि उनले ख्याकको कपाल काटिदिए । खुट्टामा घुंगरु पनि लगाइदिए ।
"तिमीहरूले जेसुकै गर । म डराउन्नँ । यहाँबाट जान त पाउँ अनि के पो गर्छु हेरिराख," ख्याकले सबैलाई धम्काउँदै भन्यो ।



"ए त्यसो पो ! खै सियो देऊ त तरिभाइ," तान्त्रिक भिमदत्तले भने ।

तरिभाइले सियो ल्याएर दिए । तान्त्रिकले ख्याकको जिब्रोमा सियोले छेडिदिए । अनि काठको भारी बोकाएर शहर परिक्रमा गराए ।


"ऐया, दुख्यो । मलाई छाडिदेऊ," पीडाले ख्याक करायो, " अबदेखि म दुःख दिन्नँ । मलाई छाडिदिनुस् ।"



"नीलबाराहीले हाम्रो रक्षा गर्छिन् । तिमी भने हामीलाई दुःख दिन्छौ," तान्त्रिकले रिसाउँदै भने, "यतिले कहाँ पुग्छ ? हामी तिमीलाई छाड्दैनौँ ।

" ख्याकले माफी माग्दै भन्यो, "अबदेखि म तपाईंहरूको रक्षा गर्छु । प्राकृतिक विपत्तिबाट पनि सबैलाई बचाउने छु । हरेक वर्ष जिब्रो छेड्न पनि आउनेछु । ल वाचा नै गरेँ मैले ।

" "ल ठिक छ । माफी भयो ।" उसको वाचा सुनेर मानिसहरूले उसलाई छाडिदिए ।




आफ्नो काम पूरा भएकोमा तान्त्रिक भिमदत्त आनन्दले ओछ्यानमा पल्टिए ।

"तिमीले मेरो दाहिने ख्याकलाई अपमान गर्यौ । म तिमीलाई बाँकी राख्दिनँ," नीलबाराहीले उनको सपनामा रिसाउँदै भनिन् ।


उनी सोचमग्न भए । मनमा शान्ति भएन । डर पनि लाग्यो ।

"देवी, मलाई माफ गर्नुस् । बरु म क्षमापूजा गर्छु," उनले बिन्ति बिसाए ।



नीलबाराही अलप भइन् । उनी पनि निद्राबाट बिउँझे । सबेरै सबै गाउँलेलाई डाके ।


सबैको सल्लाहअनुसार नीलबाराहीलाई खुसी पार्न भनेर क्षमापूजा गरे ।



अर्को वर्ष ठिक त्यही समयमा ख्याक आफैँ आइपुग्यो । तान्त्रिकले क्षमापूजा गरे । ख्याकको जिब्रो छेडे । अनि सहर परिक्रमा गर्न लगाए । यसपाला भने ख्याकलाई नरमाइलो लागेन । ऊ बोडेबासी र केटाकेटीसँगै रमाउँदै सहर घुम्यो ।

"ख्याकलाई सहर घुमाउँदा कस्तो रमाइलो हुन्छ है," न्हुछेमानले भन्यो ।

"अँ, यसलाई जात्राको रुपमा नै मनाउनुपर्छ ।" लसताले भनिन् ।




तर एउटा वर्ष भने ख्याक आउन सकेन । ”ख्याक पनि बुढो भयो । अब आउन नसक्ने भनेर खबर पठायो ।” तान्त्रिकले भने । परम्परा रोकिने भयो । सबैलाई खल्लो लाग्यो ।



”अब जात्रा कसरी मनाउने ?” लसताले चिन्ता व्यक्त गरिन् ।

”एउटा उपाय छ,” तान्त्रिकले केही सोच्दै भने, ”क्षमापूजाको जिम्मा त म लिन्छु । तर जिब्रो छेड्ने जिम्मा भने तपाईंहरूमध्ये कसैले लिनु पर्ने हुन्छ । ल भन्नुहोस् कसले छेड्नुहुन्छ ?”

सबै चुप लागे । कोही अघि सरेनन् । केटाकेटीहरू दुःखी भए । जात्रा नै पो नहुने भयो ।



"म जिब्रो छेड्छु," एकजना युवक फुर्तिसाथ अघि सरे । सबैको अनुहारमा खुसी छायो ।

"जात्रा हुने भयो ! जात्रा हुने भयो !" लसता खुसीले चिच्याइन् । त्यसपछि हरेक वर्ष जिब्रो छेडेर जात्रा मनाउने परम्परा चलिरहेको छ ।





यो पुस्तकको लागि अडियो All Children Reading: A Grand Challenge for Development (ACR GCD) Founding Partners (the United States Agency for International Development [USAID], World Vision, र Australian Government) को संयुक्त सहयोगमा The Asia Foundation ले तयार गरेको हो ।यस पुस्तक मा सहयोगी संस्थाहरु ACR GCD Founding Partnersको विचार प्रतिबिम्बित गर्दैन। त्यसैले यस अनुकूलन अथवा अनुवाद कार्यलाई ACR GCD Founding Partners को कुनै पनि हकमा आधिकारिक अनुकूलन वा अनुवाद मानिने छैन साथै यस पुस्तकमा कुनै पनि कथा वस्तु,सामग्री वा त्रुटिहरूको लागि उत्तरदायी हुने छैन।

# Brought to you by

The Asia Foundation

Let’s Read is an initiative of The Asia Foundation’s Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

Original Story
जिब्रो छेड्ने ख्याक *(Khyaa: The Forest Spirit with the Pierced Tongue)*. Author: Shyamkrishna Khulimuli. Illustrator: Prakash Ranjit. Editor: Krishna Dip Sigdel. Contributor: Abin Shrestha, Anuradha.

Published by The Asia Foundation - Let’s Read, © The Asia Foundation - Let’s Read. Released under CC-BY-NC-4.0.

This work is a modified version of the original story. @ The Asia Foundation, 2021. Some rights reserved. Released under CC-BY-NC-4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/